# उद्योग मन्त्रालय

## आ.व. २०७२/७३ को बजेटको नीति तथा कार्यक्रमहरुको कार्यान्वयन योजना

| बजेट बक्तव्यको बुँदा नं | नीति तथा कार्यक्रम | क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि | जिम्मेवारी निकाय | सहयोगी निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| ३९ | विदेशी लगानी आकर्षित गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समयानुकुल सुधार गर्ने | • ऐन संशोधनको मस्यौदा तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने । | २०७३ असार | उद्योग मन्त्रालय | औद्योगिक प्रवर्द्धन महाशाखा | • विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको संशोधन प्रस्ताव संसदमा पेश भएको हुने । |
| ३९ | लगानी प्रवर्द्धनका लागि आगामी आर्थिक वर्षमा लगानी सम्मेलन आयोजना गर्ने । | • लगानी सम्मेलनको Modality र मिति तय गर्ने ।<br>• सम्मेलन आयोजना गर्ने । | २०७२ असोज<br>२०७२ मंसिर/पुस | उद्योग मन्त्रालय/ लगानी बोर्ड | | • लगानी सम्मेलन सम्पन्न भएको हुने । |
| ४१ | लगानीमैत्री वातावरणको निर्माण गरी पूर्ण रुपमा सञ्चालनमा नआएका औद्योगक क्षेत्रमा नयाँ लगानीकर्तालाई उद्योग स्थापना गर्ने वातावरण तयार गर्ने । | • लगनीमैत्री वातावरणको लागि आवश्यक कार्यक्रमहरु प्याकेजमै तर्जुमा गर्ने ।<br>• नयाँ उद्योग स्थापनाको क्रम शुरु गर्ने । | २०७२ पुस<br>२०७२ माघदेखि निरन्तर | उद्योग मन्त्रालय | सरोकारवाला सवै मन्त्रालय | • नयाँ लगानीलाई उद्योग स्थापना गर्ने वातावरण तयार भई नयाँ उद्योग स्थापना भएको हुने ।<br>• |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • |
| ४१ | सार्वजनिक निकायले १५ प्रतिशतसम्म बढी महङ्गो भए पनि स्वदेशी वस्तुहरु प्रयोग गर्नुपर्ने नीतिलाई कडाइका साथ लागू गर्ने । | • सम्बन्धित निकायहरुको संयुक्त अनुगमन टोली गठन गर्ने ।<br>• अनुगमन गर्ने । | २०७२ साउन<br>२०७२ भाद्रदेखि निरन्तर | उद्योग मन्त्रालय | गृह मन्त्रालय | • स्वदेशी वस्तुहरु प्रयोग गर्नुपर्ने नीतिको कडाइका साथ पालना भएको हुने । |
| ४२ | १६ वटा सिमेण्ट उद्योगका लागि खानीस्थल पहुँच मार्ग तथा १२ वटा सिमेण्ट उद्योगका लागि विद्युत उपकेन्द्र तथा प्रशारण लाइन निर्माण गर्ने । यस्ता सडकहरु उद्योगी आफैंले निर्माण गर्न चाहेमा सरकारले गरेको लागत अनुमानमा नबढ्ने गरी निर्माण गर्न दिने । | • पहुँच मार्ग तथा विद्युत प्रसारण लाइनको ठेक्का पट्टा सम्पन्न गर्ने ।<br>• निर्माण कार्यलाई तिब्रता दिने ।<br>• उद्योग आफैले निर्णय गर्न चाहेमा प्रस्ताव माग गर्ने ।<br>• प्रस्ताव स्वीकृत गरी निकासा दिने ।<br>• कार्यविधि निर्माण गर्ने । | २०७२ मंसिर<br>२०७२ पुसदेखि निरन्तर<br>२०७२ असोज<br>२०७२ कार्त्तिक देखि निरन्तर | उद्योग मन्त्रालय | प्रविधि महाशाखा/ सडक विभाग/विद्युत प्राधिकरण | • सिमेण्ट उद्योगका लागि विद्युत उपकेन्द्र तथा प्रसारण लाइन निर्माण गरिएको हुने । |
| ४३ | सिमेण्ट उद्योगलाई आवश्यक पर्ने दैनिक ४ हजार ८ सय मेट्रिक टनसम्म चुनढुङ्गा उत्खनन गरी ३ हजार मेट्रिक टनसम्म क्लिङ्कर वा सिमेण्ट उत्पादन गर्ने उद्योग स्थापना गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरेर हुने व्यवस्था गर्ने । | • सम्बन्धित कानून/नीतिमा आवश्यक संशोधन गर्ने । | २०७२ असोज | उद्योग मन्त्रालय विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | उद्योग मन्त्रालय (प्रविधि महाशाखा) | • क्लिङ्कर वा सिमेण्ट उत्पादन गर्ने उद्योग स्थापना गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्रगरेर हुने व्यवस्था कार्यान्वयन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भएको हुने । |
| ४३ | आगामी आर्थिक वर्ष रामेछापको ठोसेमा फलाम खानीस्थलसम्म बाटो र विजुली पुऱ्याउन आवश्यक बजेट विनियोजन गर्ने । | • फलाम खानीसम्मको बाटो निर्माण र प्रशारण लाइनको विस्तृत सम्भाव्यता अध्ययन गर्ने ।<br>• निर्माण कार्यको ठेक्कापट्टा सम्पन्न गर्ने । | २०७२ कार्त्तिक<br>२०७२ माघ | उद्योग मन्त्रालय | उद्योग मन्त्रालय (प्रविधि महाशाखा) | • फलाम खानीस्थलसम्म बाटो र बिजुली पुऱ्याउने सम्पन्न भएको हुने । |
| ४४ | रुग्ण उद्योगहरुको पहिचान सम्बन्धी मापदण्ड परिमार्जन गरी पुनरुत्थानका लागि सहुलियत तथा सुविधा उपलब्ध गराउनेछ । | • मौजुदा मापदण्डको परिमार्जन गर्ने ।<br>• सुविधा दिने । | २०७२ असोज<br>२०७२ कार्त्तिक देखि निरन्तर | उद्योग मन्त्रालय | औद्योगक प्रवर्द्धन महाशाखा | • रुग्ण उद्योगहरुको पुनरुत्थानका लागि सहुलियत तथा सुविधा उपलब्ध भएको हुने । |
| ४५ | नेपाली कला र संस्कृति झल्किने परम्परागत उद्यमहरुको विकास गर्न युवा उद्यमशीलताको विकास गरिनेछ । | • युवा उद्योमशशीलता विकास सम्बन्धी रणनीति तर्जुमा गर्ने ।<br>• कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | २०७२ पौष<br>२०७२ पौषदेखि निरन्तर | उद्योग मन्त्रालय | घरेलु तथा साना उद्योग विभाग/समिति /मेडेप/ औद्योगिक प्रवर्द्धन महाशाखा | • युवा उद्यमशीलताको विकास भएको हुने । |
| ४५ | महिला उद्यमशीलता विकास गर्न महत्वपूर्ण भूमिका निभाउदै आएको महिला उद्यमशीलता कोषबाट परियोजना धितोमा ऋण प्रवाह कार्यक्रमलाई थप १० जिल्लामा विस्तार गरिनेछ । | • जिल्ला पहिचान र कार्यक्रमको विस्तृत खाका तयार गर्ने ।<br>• ऋण प्रवाह गर्ने ।<br>• भूकम्प अति प्रभावित थप | २०७२ भदौ<br>२०७२ पौषदेखि निरन्तर | उद्योग मन्त्रालय | घरेलु तथा साना उद्योग विभाग | • ऋण प्रवाह कार्यक्रमलाई थप १० जिल्ला र भूकम्प अति प्रभावित थप ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६ जिल्लामा समेत विस्तार गर्ने । | | | | जिल्ल विस्तार भएको हुने । |
| ५८ | तराई मधेशका जिल्लाहरुमा उपयुक्त स्थानहरुमा औद्योगिक कोरिडोरको विकास गर्ने । | • सम्भावित औद्योगिक कोरिडोरको पहिचान गर्ने ।<br>• कोरिडोरको विकास कार्य शुरु गर्ने । | २०७२ पुस २०७२ माघदेखि | उद्योग मन्त्रालय | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • उपयुक्त स्थानहरुमा औद्योगिक कोरिडोरको पहिचान र विकास भएको हुने । |
| ५८ | आगामी आर्थिक वर्षमा बुटवलको तिनाउ कोरिडोरमा औद्योगिक क्षेत्र स्थापनाको विस्तृत आयोजना तयारी गरिनेछ । | • सम्भाव्यता अध्ययन गर्ने ।<br>• विस्तृत आयोजना तयार गर्ने । | २०७२ पौष २०७३ जेठ | उद्योग मन्त्रालय | प्रविधि महाशाखा/ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • तिनाउ कोरिडोरमा औद्योगिक क्षेत्र स्थापनाको विस्तृत आयोजना तयारी भएको हुने । |
| ५८ | कन्चनपुरको दैजीमा औद्योगिक क्षेत्र विकास गर्न र भैरहवाको विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने । | • दैजीमा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण शुरु गर्ने ।<br>• भैरहवा आर्थिक क्षेत्र संचालनमा ल्याउने । | २०७२ पुस २०७२ कार्तिकदेखि | उद्योग मन्त्रालय | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • दैजीमा औद्योगिक क्षेत्र विकास गर्ने र भैरहवाको विशेष आर्थिक क्षेत्र सञ्चालन भएको हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५१ | भूकम्प मापन केन्द्रलाई आधुनिक प्रविधि र यन्त्र उपकरणले सुसज्जित बनाई भूकम्प सम्बन्धी अध्ययन केन्द्रको रुपमा विकास गर्ने । | • केन्द्रको नयाँ ओ एण्ड एम सर्वे गर्ने ।<br>• आवश्यक यन्त्र उपकरणको Need Assessment गर्ने ।<br>• यन्त्र उपकरण खरीद गरी जडान गर्ने ।<br>• अध्ययन केन्द्रको रुपमा संचालन गर्ने । | २०७२ असोज<br>२०७२ कार्तिक<br>२०७२ पौष<br>२०७३ असार | उद्योग मन्त्रालय | खानी तथा भूगर्भ विभाग/राष्ट्रिय भूकम्प मापन केन्द्र | • भूकम्प मापन केन्द्रलाई आधुनिकीकरण गरी अध्ययन केन्द्रको रुपमा विकास भएको हुने। |
| २३२ | नेपाल सरकारका स्थायी संरचनाबाट सम्पादन हुन सक्ने नियमित कार्यहरु तथा विकास आयोजना सञ्चालनका लागि विकास समिति, बोर्ड, प्रतिष्ठान जस्ता अलग्गै स्वायत्त संस्था खडा गरिने छैन । | • नियमित कार्य तथा विकास आयोजनाको लागि छुट्टै संस्था खडा गर्ने । | निरन्तर | सवै मन्त्रालय | | • नियमित कार्य तथा विकास आयोजनाको कार्यान्वयन मन्त्रालयको स्थायी संरचनाबाट सम्पादन भएको हुने । |
| २३४ | योजना तर्जुमा र कार्यान्वयनकाबीच रहेको अन्तर कम गर्दै कार्यान्वयन क्षमता र शैलीमा सुधार गर्न आगामी आर्थिक वर्षलाई बजेट कार्यान्वयन वर्षको रुपमा घोषणा गरी कार्यान्वयन क्षमता बढाउने बहुआयामिक प्रयासहरु गर्ने । वार्षिक कार्यक्रम स्वीकृति र अख्तियारी दिने प्रक्रियालाई सरलीकरण गरी आर्थिक वर्षको प्रारम्भदेखि नै कार्यक्रम कार्यान्वयन हुन सक्ने व्यवस्था मिलाउने । | • बजेट कार्यान्वयन वर्ष अभियानको प्रचार प्रसार गर्ने ।<br>• आर्थिक वर्षको शुरुमा नै अख्तयारी पठाउने र कार्यक्रम स्वीकृत गर्ने ।<br>• कार्यान्वयन कार्ययोजना तयार गर्ने ।<br>• अनुगमन गर्ने । | २०७२ साउन देखि २०७२ साउन १५<br>निरन्तर | राष्ट्रिय योजना आयोग/जिम्वेवार सवै मन्त्रालय | | • बजेट कार्यान्वयनले तिव्रता पाएको हुने ।<br>• आर्थिक वर्षको शुरुमा नै अख्तयारी पठाउने र कार्यक्रम स्वीकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भएको हुने ।<br>• कार्ययोजना तयार भई त्यसको अनुगमन भएको हुने ।<br>• |
| २४० | विस्तृत सम्भाव्यता अध्ययन नभएका र आयोजना कार्यान्वयन पूर्वका चरणहरु पूरा नभएका आयोजनाहरुको निर्माण कार्य शुरु नगर्ने । स्वीकृत बजेट तथा कार्यक्रमहरु पून नभई तत् निकायलाई अर्को नयाँ कार्यक्रमका लागि बजेट निकासा नगर्ने । आर्थिक वर्षको मध्यमा आएर आयोजना स्वीकृत गर्ने र अन्त्यतिर आएर यस्ता नयाँ कार्यक्रमका लागि बजेट माग तथा निकासा गर्ने परम्परा यसै बजेटबाट अन्त्य गर्ने । विकास आयोनाहरुको अध्ययन र अनुसन्धान गरी आयोजना गरी आयोजना विकास गर्नका लागि छुट्टै बजेट विनियोजन गर्ने । | • बजेट तर्जुमा र बजेट निकासा प्रणालीमा सुधार गर्ने ।<br>• आयोजना विकासका लागि छुट्टै बजेट माग गरी सम्भाव्य आयोजनाको सूची तयार गर्ने । | २०७२ साउनदेखि निरन्तर | | राष्ट्रिय योजना आयोग/सबै मन्त्रालय | • बजेट तर्जुमा र निकासा प्रणालीमा सुधार भएको हुने ।<br>• सम्भाव्य आयोजनाको सूची तयार भएको हुने । |